पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४८ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग २

### सार्वजनिक खरिद नियमावली, २०७७(पहिलो संशोधन)

## सार्वजनिक खरिद नियमावली २०७७ (प्रथम संशोधन)

**प्रस्तावनाः** सार्वजनिक खरिद नियमावली २०७७ लाइ संसोधन गर्न वाञ्छनीय भएकोले कार्यपालिकाले यो नियमावली बनाएको छ ।

१ ) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम “सार्वजनिक खरिद नियमावली २०७७ (प्रथम संशोधन)” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२) मूल नियामावली को अनुसूची (१) मा उल्लेखित सबै वाक्यांशको सट्टा तपशिलमा उल्लेखित वाक्यांश कायम गरिएको छ ।

अनुसूची - १

**क) जनसहभागिताको दर :**

| सि.नं. | योजनाको प्रकृति | लागत अनुमान | जनसहभागिता प्रतिशत |
|---|---|---|---|
| १ | महानगर भित्र शहरी क्षेत्रमा संचालन हुने सडक सिंचाई, ढल निकास, फुटपाथ, खाने पानी, विद्युत, समाजघर, क्लब भवन । | ५ लाख सम्म, | २५ प्रतिशत । |
| २ | महानगर भित्र शहरी क्षेत्रमा संचालन हुने सडक सिंचाई, ढल निकास, फुटपाथ, खाने पानी, विद्युत, समाजघर, क्लब भवन । | ५ लाख वढी भए, | ३० प्रतिशत । |
| ३ | महानगर भित्र ग्रामिण क्षेत्रमा संचालन हुने सडक सिंचाई, ढल निकास, फुटपाथ, खानेपानी, विद्युत, समाजघर, क्लब भवन । | ५ लाख सम्म, | १० प्रतिशत । |

| | | | |
|---|---|---|---|
| ४ | महानगर भित्र ग्रामिण क्षेत्रमा संचालन हुने सडक सिंचाई, ढल निकास, फुटपाथ, खानेपानी, विद्युत, समाजघर, क्लब भवन । | ५ लाख वढी भए, | १५ प्रतिशत । |
| ५ | संघीय र प्रदेश सरकार अनुदानबाट संचालन हुने कार्यक्रममा जनसहभागि तोकिएको भए सोही बमोजिम र नतोकिएको भए बुंदा १, २, ३ र ४ बमोजिम । | | |
| ६ | जेष्ठ नागरिक/अपाङ्ग र सार्बजनिक भवन निर्माण, व्यायमशाला, पिक्निक स्पट, सार्बजनिक शौचालय, चौतारो, पोखरी पार्क, मन्दीर आदि । | ५ लाख सम्म, | ५ प्रतिशत । |
| ७ | जेष्ठ नागरिक/अपाङ्ग र सार्बजनिक भवन निर्माण, व्यायमशाला, पिक्निक स्पट, सार्बजनिक शौचालय, चौतारो, पोखरी पार्क, मन्दीर आदि । | ५-१० लाख, | १० प्रतिशत । |
| ८ | जेष्ठ नागरिक/अपाङ्ग र सार्बजनिक भवन निर्माण, व्यायमशाला, पिक्निक स्पट, सार्बजनिक शौचालय, चौतारो, पोखरी पार्क, मन्दीर आदि । | १०-१५ लाख, | १५ प्रतिशत । |

| | | |
|---|---|---|
| ९ | जनसहभागिता छुट । | मनासिब कारण सहितको प्रस्तावबाट कार्यपालिकाको निर्णय बमोजिम । |

**ख) निर्धारणका थप आधारहरु :**

१) यो नियमावली लागू हुनु पूर्व सम्झौता भईसकेका योजनाको हकमा सम्झौता वमोजिम हुनेछ ।

२) सम्झौता बमोजिम कार्यसम्पादन बढी भएमा थप रकम दिइने छैन । तर घटी काम भएकोमा अनुपातिक रुपमा अनुदान घटाई भुक्तानी दिइने छ ।

३) २० (बीस) लाख भन्दा वढी ल.ई.भएका योजनाहरु बोलपत्रको माध्यमबाट कार्य गराउन प्राथमिकता दिनुपर्नेछ ।

४) शहरी क्षेत्र भन्नाले वडा नं. १ देखि १७ सम्मको सबै भाग, वडा नं. १८ को खपौंदी र पामे क्षेत्र, वडा नं. १९ को लामाचौर, वडा नं. २५ को झिझिको क्षेत्र, वडा नं. २६ को समथर भाग, वडा नं. २७, २९, ३०, ३१ र ३२ को समथर भाग वडा नं. ३३ को बागमारा क्षेत्रलाई जनाउनेछ ।

५) ग्रामिण क्षेत्र भन्नाले माथि उल्लेखित बाहेक सबै क्षेत्र ।

**मिति : २०७७ माघ २४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**